नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# महिला तथा बालबालिका विभाग

( प्रशासन )

फोन नं. ५५२३८२७, ५५२६७७९

फ्याक्स : ५५२१२१४

पत्र संख्या :- ०७४।७५
चलानी नं.:- 609

मिति २०७४।९।१२

विषय:- महिला विकास कार्यक्रम जिल्लास्तर ३४०८०२ बुदा नं. ३०,को बाल संरक्षणसंग सम्वन्धित तथ्यांक संकलन तथा सेवा श्रोतको नक्साङकन सम्वन्धमा ।

श्री महिला तथा बाल बाललिका कार्यालय
७५ जिल्ला

प्रस्तुत विषयमा आ.व. २०७४।७५को बार्षिक वजेटमा वालबालिकाको स्थिति तयार पारी जोखिममा परेका बालबालिकालाई संरक्षण गर्ने उद्धेश्यले प्रति जिल्ला रू.७५०००। विनियोजन गरी पठाई सकिएको छ सोही अनुसार निम्न वमोजिमका काम गर्नुहुन मिति २०७४।९।१२को निर्णय अनुसार अनुरोध छ ।

१) जिल्लाको अवस्था अनुसार बालकल्याण समिति तथा बालबालिकाको क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरू संग आवश्यक छलफल गरी वढि प्रभावित क्षत्रको पहिचान गर्ने ।

२) निम्न उल्लेखित विषयहरूमध्ये जस्तै शहरीकरण वढि भएका जिल्लाहरूमा सडक बालबालिका, श्रमिक बालबालिका,लागु पदार्थ दुर्व्यसनमा परेका बालबालिका, उच्च पहाडि जिल्लामा बालविवाह, विद्यालय विमुख बालबालिका, तराई तथा पहाडी क्षेत्रमा बाल विबाह तथा अभिभावक विहिन बालबालिका, जस्ता जिल्लाको प्रमुख समस्याको रूपमा रहेका मुख्य मुख्य कम्तिमा ३ विषयमा जिल्ला तथ्यांक संकलन तथा सेवा श्रोतको नक्साङकन गर्ने ।

३) तथ्यांक संकलनवाट देखिएका विषयको आधारमा आगामी दिनमा स्थानीय तहमा कार्यक्रम माग गर्ने ।

४) बाल संरक्षणका विषयहरू:

- बालविवाह गरेका बालबालिका
- सडक बालबालिका
- वालश्रममा परेका श्रमिक बालबालिका
- यौन हिंसामा परेका बालबालिका
- अभिभावक विहिन बालबालिका
- लागू पदार्थ दुर्व्यसनमा फसेका बालबालिका
- बालक्लबको सख्या नविकरणको स्थिति
- बालमैत्री नगर तथा गाउपालिका घोषणा
- विद्यालय विमुख वालबालिका
- बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी र गैर सरकारी संस्थाको संख्या

(श्रीधर ज्ञवाली)
शाखा अधिकृत

५) बाल संरक्षणको क्षेत्रमा गरेको कामको प्रतिवेदन यस विभागमा पठाउनुहुन अनुरोध छ ।